# सेवा प्रवाहको मापदण्ड पालनाको प्रतिवेदन

## २०७६/०७७

मालिका गाउँपालिकाको कार्यालय

अर्खावाङ्ग, गुल्मी, लुम्बिनी प्रदेश नेपाल

Scanned with CamScanner

# पृष्ठभुमी

नेपालमा परम्परागत रुपमा रही आएको एकात्मक र केन्द्रिकृत शासन प्रणालीको अन्त्य गर्दै सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाल हुने व्यवस्था नेपालको संविधानले गरेको छ । संविधानले राज्यको मूल संरचनाका रुपमा सङ्घ, प्रदेश र स्थानीय गरी तीन तह हुने र स्थानीय तहमा गाउँपालिका, नगरपालिका एवं जिल्लासभा रहने व्यवस्था गरेको छ । संविधान बमोजिम सङ्घ, प्रदेश र स्थानीय तह बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्था रहेको छ । संविधान तथा कानून बमोजिम राज्यका तीनवटै तहले नेपालको राज्य शक्तिको प्रयोग गर्छन् । राज्यका सबै तहले आफ्नो अधिकारक्षेत्र भित्रको बिषयमा कानून बनाउने, बार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने व्यवस्था रहेको छ । स्थानीय तहको हकमा राज्य शक्तिको प्रयोग, कानून बनाउनेलगायतका कार्यहरू गाउँपालिका र नगरपालिकाले मात्र गर्छन् ।

## उद्देश्यः-

१. कृषि तथा पशुविकास

- खाद्यान्न बालीको उत्पादन र उत्पादकत्व बृदि गरि खाद्य सूरक्षा सुरक्षित गर्ने कार्य बिस्तार गर्ने ।
- कृषिको प्रवल सम्भावना भएको यस गाउँपालिकाभित्र कृषि लाई प्रतिष्ठायुक्त पेशाको रुपमा हेर्न्र युवालाई लक्षित गर्ने ।
- व्यवशायिक तरकारी खेति तर्फ आकर्शित गरी कार्यक्रम सञ्चालन गर्ने ।
- विभिन्न वडाहरुको सम्भाव्यता अध्ययन पश्चात एक वडा एक कृषि वस्तु उत्पादन विषेश कार्यक्रमको थालनी गर्ने ।
- कृषि क्षेत्रको आधुनिकिकरण तथा व्यवशायीकरण लाई मध्य नजर गरि कृषक समुह सहकारीहरुको साझेदारीमा मागमा आधारित कार्यक्रम सञ्चालन गर्ने ।
- कृषकहरुले उत्पादन गरेको कृषि उपजको बजार सुनिश्चित गर्न कृषि उपज संकलन केन्द्र स्थापना गर्ने ।
- पशु आहारा सुधार कार्यक्रम अनुसार घांसको बिउ बेर्ना बितरण,घांसका नर्सरी स्थापना र घांसका श्रोत केन्द्र स्थापनाका कार्यहरु गर्ने ।
- व्यावसायिक पशु फार्म प्रवद्र्धन कार्यक्रम अनुसार ब्यावसयिक पशु पालक कृषकहरु लाई खोर सुधार तथा प्राकृतिक नश्लसुधारका कार्य हरुमा अनुदान सहयोगका कार्यक्रमहरु गर्ने ।
- समुह समिति मार्फत प्रविधि हस्तान्तरण कार्यक्रम बमोजिम जनचेतनामुलक कार्यक्रममा जोड दिने ।
- पशु सेवाको पहुच पुग्न नसकेको क्षेत्रका लागि पशु सेवा शिविर हरु संञ्चालन गर्ने ।

२. पर्यटन

- गाउँपालिका क्षेत्र भित्र रहेका पर्यटकीय स्थलहरुको पहिचान गरी पर्यटन विकासको गुरुयोजना बमोजिम मालिका गाउँपालिका वडा नं ४ देउरालिमा यसै बर्ष हेलिप्याड स्थापना गर्ने ।
- पर्यटन प्रर्वद्धनको लागि पहिचान गरिएका क्षेत्रहरुको निर्माण विकास गर्दै लाने । जस्तै मालिका गाउँपालिका वडा नं ४ देउरालिमा मालिका पिस पार्क निर्माण गर्ने ।
- मालिका गाउँपालिका वडा नं. १ मा तिखेचुली पर्यटकिय पैदल मार्ग प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सञ्चालन गरि पर्यटकहरुलाई मनोरञ्जन गर्ने ठाउँको रुपमा चिनाइने ।

Scanned with CamScanner

३. उद्योग तथा बाणिज्य

- गाउँपालिका क्षेत्र भित्र रहेका घरेलु उद्योगहरुको संरक्षण गर्दै नयाँ उद्योग स्थापनाका लागि आवश्यक वातावरण सिर्जना गरिनेछ । यस्ता उद्योगहरु स्थापना भै कार्य सञ्चालन गर्न शुरु गरेको अवस्था देखिएमा विउ पूँजिको रुपमा रकम उपलब्ध गराई उद्योग खोल्न प्रोत्साहन गर्ने ।
- गाउपालिका भित्रका साना तथा मझौला उद्योगलाई उत्पादनमुलक रोजगारमुलक वनाउन समन्वयात्मक क्रियाकलाप सञ्चालन गर्ने नीति लिने ।
- खाद्य संग सम्वन्धित साना तथा घरेलु उद्योगलाई गुणस्तर कायम गर्न प्रोत्साहन गरिनेछ र उपभोक्त हित, अधिकार र कर्तव्यका विषयमा बृहत जनचेतनामुलक कार्यक्रम संचालन गरी उद्योग विकास र उपभोक्ता हित सम्वन्धि नीति अवलम्वन गर्ने ।
- छरीएको पुजी लाई एकत्रित गरी साना तथा घरेलु उद्योग स्थापना गर्न अभियान संचालन गर्ने ।उद्यमशिलता सम्वन्धि कार्यक्रमहरु संचालन गरी नागरीकलाई श्रम गर्ने वानिको विकास गर्न र स्वदेशमै स्वावलम्बी वन्न प्रोत्साहन गरीने कार्यक्रमहरु संचालन गर्ने ।
- बजार क्षेत्रलाई नियमनको घेरा भित्र लिई व्यवस्थीत वजार निर्माण गर्न बजारको सुक्ष्म अनुगमन तथा नियमनलाई जोड दिईने ।

४. शहकारी

- सहकारी सस्था आफैमा एक स्ववलम्वी सस्था भएकोले आगामी वर्ष देखी गाउपालिका भित्रका सहकारी संस्थाहरुलाई उत्पादनका आधारमा अनुदान दिइनेछ साथै क्षमता विकासमा जोड दिईनेछ जस अन्तर्गत सहकारी सस्थाहरुलाई व्यवसायीक वनाउन व्यवसायीक योजना सम्वन्धिप्रशिक्षण,सिद्धान्त अनुसार संचालनका लागि सहकारी व्यवस्थापन तालिम लगायतका कार्यक्रम संचालन गर्ने ।
- सहकारी सस्था जुन उद्धेश्यका लागि स्थापना भएका हुन सोही उद्धेश्य अनुरुप संचालन गर्न प्रोत्साहन गरीनेछ, जसका लागि मापदण्ड भन्दा वाहिर संचालित, सहकारी सिद्धान्त र तोकीएको दायरा भन्दा बाहिर संचालित सहकारी सस्थहरुलाई नियमनको निति लिईने ।
- वचत तथा ऋण सहकारी सस्था वाहेक अन्य सहकारी सस्था वचतमा मात्र केद्रित नहोउन भन्नका लागि कृषी,पशु तथा अन्य रोजगारमुलक कार्यक्रमहरु सहकारी मार्फत संचालनमा जोड दिईनेछ, जसले स्थानिय उत्पादनमा जोड दिनेछ भने संचालित सहकारी उद्धेश्य अनुसार संचालन पश्चात रोजगारी सिर्जना तथा गरीबि न्युनिकरणमा सहकारीले भुमिका निर्वाह गर्ने ।
-

५. वित्तीय क्षेत्र

- यस गाउँपालिका क्षेत्र भित्र रहेका बैंक तथा वित्तिय संस्थाहरुलाई गाउँपालिकाको प्रत्येक वडासम्म आफ्नो सेवा विस्तार गर्न प्रोत्साहित गर्दै सामाजिक सुरक्ष भत्ता लगायतलाई वित्तियसंस्था मार्फत वितरण गर्ने कार्यालाइ निरन्तरता दिइने ।
- गाउँपालिका भित्र सञ्चालन गरिएका सबै व्यवसायहरुलाई दर्ता तथा अभिलेखिकरण गर्न अभिप्रेरित गर्ने, विभिन्न प्रकारका चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।
- गाउँपालिकाको सर्वाङ्गिण विकासका लागि वित्तिय अवस्थामा सुधार गर्न करको दर कम दायरा फराकिलो बनाउने नीति अवलम्बन गर्ने ।
- लेखा,राजश्व ,णजणसि तथा योजना व्यवस्थापन सम्वन्धि सफ्टवयर अद्यावधि गर्ने ।
- आर्थिक सुशासन तथा पारदर्शिता कायम गर्न प्रभावकारीता र औचित्यमा आधारित कार्य सम्पादन गर्ने नीति लिइने ।
- आर्थिक कारोवारलाई पारदर्शी एवं भरपर्दो बनाउन बैंक मार्फत मात्र भूक्तानी लिनेदिने व्यवस्थालाई प्रोत्साहन गरिने छ तथा नगद कारोवारलाई निरुत्साहित गर्ने ।

१. शिक्षा

- यस गाउपालिकाको शैक्षिक विकासका लागि मालिका गाउपालिका शिक्षा नीति निर्माण गरि कार्यान्वयनमा ल्याइने ।
- सामूदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको लागि शिक्षक दरबन्दी मिलान, विद्यालयहरु समायोजन, शिक्षक तालिम संचालनका कार्यहरुलाई प्राथमिकता साथ संचालन गरिने ।
- गाउँपालिका स्तरिय उत्कृष्ट विद्यालय, उत्कृष्ट शिक्षक, उत्कृष्ट विद्यार्थी छनोट गरी पुरस्कृत गर्ने ।

Scanned with CamScanner

- विद्यालय शिक्षालाई रोजगारसँग आवद्ध गर्न गाउँपालिका क्षेत्र भित्र कम्तिमा एक वटा विद्यालयलाई प्राविधिक शिक्षा संचालनको लागि प्रोत्साहित गर्ने ।
- शिक्षा ऐन तथा नियावलीलाई प्रभावकारी कार्यन्वयन गर्दै लगिने ।
- शैक्षिक गुणस्तर सुधारको लागि विद्यालयको व्यवस्थापन पक्षलाई सबल तथा सक्षम बनाउन आवश्यक व्यवस्था मिलाइनेछ । साथै प्रत्येक विद्यालयमा विद्युतिय हाजिरी राख्ने व्यवस्थालाई निरन्तरता दिइने ।
- प्रत्येक वडामा एक वटा सामुदायिक विद्यालयलाई अगुवा विद्यालय घोषणा गरी त्यसको संस्थागत क्षमता विकासका लागि थप सहयोगको प्रबन्ध गरिनेछ साथै सबै फिडर विदालयको शैक्षिक व्यवस्थापनमा जिम्मेबार र जवाफदेही बनाउने व्यवस्था मिलाइने ।
- एक वडा एक खेलमैदानको नीति लिई प्रत्येक वडाहरुमा भौगोलिक अवस्था अनुसारका खेलमैदान निर्माण गर्ने कार्यको निरन्तरता दिईने।
- गाउँपालिका भित्र रहेका विद्यालयहरुको बाहिरी वातावरण सुधार गर्न आवश्यक पहल गर्दै विद्यालयको भवन, पुस्तकालय, प्रयोगशाला, शौचालय, फर्निचर जस्ता पूर्वाधारमा लगानी बढाइने ।

२. स्वास्थ्य

- गाउँपालिकामा स्वास्थ्य सम्बन्धि सुरक्षित मातृत्व, पोषण, प्रजनन स्वास्थ्य, क्षयरोग, कुष्ठरोग निवारण, बाल स्वास्थ्य, परिवार नियोजन तथा सुरक्षित गर्भपतन, यौनरोग तथा एच.आई.भी. एड्स नियन्त्रण, हेपाटाइटिस बी नियन्त्रण, सामुदायिक स्वास्थ्य जस्ता रोगहरुको संक्रमणबाट जोगिने तथा रोग निवारण गर्ने खालका विभिन्न चेतनामुलक कार्यक्रमहरु आयोजना गर्ने ।
- गाउँपालिका क्षेत्र भित्र कार्यरत स्वास्थ्य स्वयं सेविकाहरुको कार्यसम्पादनको मूल्यांकन गर्दै प्रोत्साहनका कार्यक्रमहरुलाई निरन्तरता दिइने ।
- गाउँपालिकालाई पूर्ण सरसफाई अभियानको माध्यमबाट प्रत्येक घरपरिवारलाई आधारभूत सरसफाईमा ध्यान दिने वातावरण बनाई पूर्ण आनिबानि परिवर्तन कार्यक्रमको शुरुवात गर्ने ।
- स्वास्थ्यसंथाहरुलाई सुचना प्रविधिको पहुँच बढाउनको लागि इन्टरनेटको व्यवस्था गर्ने ।
- स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार लाई थप सवलिकरण गर्दै लगिने ।
- प्रयोगसाला सेवालई विस्तार एवम गुणस्तर सुधार गर्दै लगिने ।
- विशेषज्ञ स्वास्थ्य सेवाको पहुँच टाढा भएका जनताहरुलाई विशेषज्ञ स्वास्थ्य सेवा प्रदान गर्नको लागि निसुल्क स्वास्थ्य सिविरलााइ निरन्तरता दिईने ।
- जेष्ट नागरिकमा हुने अन्धोपना निवारणको लागि निशुल्क आँखा सिविर तथा मोतिविन्दु अप्रेशन सिविरलाई निरन्तरता दिईने ।
- सत प्रतिसत गर्भवति महिलाहरुलाई तालिम प्राप्त दक्ष स्वास्थ्यकर्मी द्वारा स्वास्थ्य संस्थामा सुत्केरी गराउनको लागि थप क्रियकलाप हरुलाई निरन्तरता दिईने ।

३. **लैगिंक समानता तथा सामाजिक समावेशिकरण**

- चलीवेटी वेचविखन, महिला हिंसा,विभिन्न कुरुतीहरुलाई न्यूनिकरण गर्दै लगिने ।
- महिलाहरुको व्यक्तित्व विकासका लागि सीपमूलक तालिमका कार्यक्रमहरु मार्फत आत्म निर्भर बनाइने ।
- महिलाका हक अधिकार सम्वन्धि कानुनी व्यवस्थाहरुका वारेमा सर्वसाधारण महिलाहरुलाई जनचेनतना जगाइने ।
- किसोरीमैत्री कार्यक्रम सञ्चालन गर्न सहकारीहरुलाई प्रोत्साहन गर्ने ।
- गाउँपालिका स्तरमा एक एकल महिला समुह गठन गरि उक्त समूहलाई सामाजिक न्याय र स्वरोजगार मुलक कार्यक्रम सञ्चालन गर्ने।
- विशेष महिला तथा हिंसामा परि साहरा विहिन भएका महिलालाई न्यायीक छानविन नभए सम्म विषेश आरक्षणको व्यवस्था मिलाइने ।
- बहुविवाह र वालविवाहलाई निरुत्साहित गर्ने ।
- महिला स्वामित्व कार्यक्रम प्रोत्साहित गर्ने ।

४. धर्म, सस्कृति तथा परम्परा

- समाजका हरेक नागरिक तथा समुदायको धर्म सँस्कृति तथा परम्पराको संरक्षण तथा संवद्धन गर्ने ।
- विभिन्न समयमा यस गाउपालिकामा हुने जात्रा, पर्व तथा मेलाहरुलाई व्यवस्थापन गर्न आवश्यक व्यवस्था मिलाइने ।
- हरेक धर्म सँस्कृति तथा परम्परालाई सम्मान गर्ने ।

Scanned with CamScanner

- उपयुक्त सबै निति तथा धर्म, सस्कृति तथा परम्परा सम्बन्धी सम्पुर्ण कार्यक्रमको पुर्ण कार्यान्वयन गरिने छ । यसरि कार्यन्वयन गर्दा सामाजिक समावेशिकरण, दिगो विकासका सिद्धान्त तथा ऐन, नियम तथा कार्यविधिको पुर्ण पालना गरिनेछ ।

१. सडक यातायात तथा विघुत

- चालु आ. व. २०७६/०७७ मा यस गाउँपालिकाको गाउँपालिका यातायात गुरुयोजना लागु गर्ने ।
- गाउपालिका क्षेत्र भित्र मुख्य सडकले छोएका र बजार क्षेत्रमा निर्माण गरिने घरको घरनक्सा जाँचपास कार्यलाई डिजिटिलाईजेशन प्रणाली अवलम्बन गरि सुचारु गर्ने निति लिईने छ साथै घरजग्गा विक्रिवितरणमाचौकिल्ला प्रमाणित कार्यलाई अनिवार्य गर्ने ।
- गाउँपालिकाका गौरवमुखि योजनाहरुलाई कार्यन्वयनलाई प्राथमिक्ता दिईनेछ साथै महत्वपूर्ण योजनाहरुलाई बहुउद्देशिय योजनाको रुपमा निरन्तरता दिईने ।
- गाउपालिका क्षेत्रमा सडक सञ्जाल बिस्तार गरिने छ । संघ र प्रदेश सँग समन्वय गरी सडक सञ्जाल विस्तार र विस्तार भएका मुख्य सडकलाई यसै वर्ष देखि ग्रावेल गर्दै लगिने ।
- स्थानीय जनप्रतिनिधि तथा सरोकार समुहलाई उपभोक्ता समिति गठन पुर्व योजना तथा उपभोक्ता समितिलाई योजना कार्यान्वयनको नीतिगत व्यवस्थाका लागी तालिम सञ्चालन गर्ने ।
- गाउपालिका विकासका लागी आ.व. २०७६/०७७ प्रमुख योजनाहरुको पहिचान गरी डि.पी.आर.तयार गरिनेछ । साथै उक्त योजनाहरुलाई गाउपालिकाको गौरवमुखी योजनाको रुपमा विकास गरी कार्यान्वयन गर्ने नीति लिईने ।
- गाउँपालिकाभित्र विघुत सेवा विस्तार हुन नसकेका वडा तथा टोलहरुमा विघुत सेवा विस्तारका लागि पहल गर्ने ।

२. शहरी विकाश तथा योजना

- एकिकृत शहरी विकास योजना (IUDP) को तंयारी यसै बर्ष गर्ने ।
- यस चालु आ.व.देखि गाउपालिका योजना कार्यान्वयन गर्दा योजनाको सम्झौता तथा योजना फरफारक गर्दा ( pre- project / post project photo ) को निरन्तरता दिईने ।
- यस चालु आ.व.का कार्यक्रम सञ्चालन गर्दा तोकिएको मापदण्ड बमोजिम तोकिएको समयमा नै योजना सम्पन्न तथा यस चालु आ.व.का कार्यक्रम सञ्चालन गर्दा तोकिएको मापदण्ड बमोजिम तोकिएको समयमा नै योजना सम्पन्न तथा फरफारक गर्ने उपभोक्ता समितिलाई सूचकाङ्कहरु तयार गरी सम्मान गर्ने ।

घ. वन तथा वातावरण विपद व्यवस्थापन

- हरेक सामुदायिक वनलाई आय आर्जन संग जोडी उत्पादन मुलक वनाउन आवश्यक कार्यक्रम ल्याइने ।
- वन्यजन्तु संरक्षण तथा चोरी शिकारी नियन्त्रणमा विशेष जोड दिइने ।
- मदाने संरक्षित वनलाई संरक्षण गर्न सघाउ पुग्ने विविध कार्यक्रमहरु ल्याइने ।
- सामुदायिक वन तथा अन्य सामुदायिक वन संरक्षण गरि जीवन्त बनाउन विभिन्न कार्यक्रयमहरु ल्याइने ।
- गाउपालिका क्षेत्र भित्रका सार्वजनिक तथा निजी संरचनाहरुमा वातावरण मैत्री स्थानीय शासन (EFGL) कार्यक्रमका सूचकहरुलाई क्रमशः कार्यान्वयन गर्दै लगिने ।

ङ. सुशासन तथा सस्थागत विकास

- सेवा प्रवाहमा प्रभावकारीता ल्याउन कर्मचारी सम्वन्धि आचारसंहिता कार्यान्वयन गर्ने ।
- कर्मचारी कल्याणकारी कोष निर्देशिका तयार गरि लागु गर्ने ।
- गाउँपालिकाको Website Update गरी Website मार्फत निर्णय, सूचनाहरु सार्वजनिक गर्दै गाउँपालिकाको कार्यलाई Paper Less बनाइदै लगिने ।
- सार्वजनिक खर्चलाई उत्पादन मुलक बनाउन आन्तरिक नियन्त्रण सम्बन्धी मापदण्ड बनाइ लागू गर्ने । पदाधिकारी तथा कर्मचारीहरुको आचार संहिता पूर्णतः लागू गर्ने ।
- गाउँपालिकामा गुनासो सुनुवाई संयन्त्र विस्तार गरी सबै नागरिकलाई सूचनाको पहुँच हुने व्यवस्था मिलाइने ।
- खरिद गुरुयोजनाका आधारमा प्रचलित आर्थिक कानून बमोजिम खरिद कार्य गर्ने ।

Scanned with CamScanner

समिक्षाः-

- यस मालिका गाउँपालिकाले कृषि क्षेत्रमा आधुनिकिकरण साथै उत्पादकत्व बृद्धि गरि खाद्य सुरक्षामा टेवा पुर्याउने।
- पशुपालनमा दिगो बिकास गरि नश्ल सुधारमा ध्यान दिनु पर्ने देखिन्छ ।
- पर्यटन विकासको लागि गुरु योजना बनाई सम्भावित क्षेत्रहरुको अध्यान गरि विकास गर्नु पर्ने देखिन्छ ।
- गाउँपालिका भित्रका साना तथा मझैला उद्योगलाई उत्पादनमुलक रोजगारिमुलक बहाउन समन्वयात्मक क्रियाकलाप सञ्चालन गर्नु पर्ने देखिन्छ ।
- गाउँपालिका भित्रका सहकारी संस्थाहरुलाई उउत्पादन आधारमा अनुदान दिई क्षमता विकासमा जोड दिनुपर्ने र सहकारी संस्थाहरुलाई व्यावसायिक बनाउनु पर्ने देखिन्छ ।
- गाउँपालिकाको प्रत्येक वडामा आफ्नो सेवा विस्तार गर्न प्रोत्साहित गर्दै सामाजिक सुरक्षा भत्ता लगायतलाई वित्तिय संस्था मार्फत वितरण गर्ने कार्यमा जोड दिनु पर्ने देखियो।
- सामुदायिक विद्यालयको शौक्षिक गुणस्तर सुधारको लागि शिक्षक दरबन्दी मिलान, विद्यालयहरुको समायोजन, शिक्षक तालिम संचालन जस्ता बिषयमा ध्यान दिनु पर्ने देखिन्छ ।
- गाउँपालिका भित्रका प्रत्येक समुदायमा स्वास्थ्य सम्बन्धी जनचेतना फौलाइ सानातिना रोगको कारण बिरामि सदरमुका जान नपर्ने वातावरण बनाउनु पर्ने ।
- समाजका हरेक नागरिक तथा समुदायको धर्म, सँस्कृति तथा परम्पराको संरक्षण तथा संवर्द्धन गर्ने तिर उन्मुख गराउनु पर्ने देखियो ।
- उपर्युक्त सबै निति, सुशासन तथा संस्थागत विकास सम्बन्धी सम्पुर्ण कार्यक्रमको पुर्ण कार्यन्वयन गर्नु पर्ने र सामाजिक दिगो विकासका सिद्धान्त, ऐन, नियम तथा कार्विधिको पुर्ण रुपमा पालना गर्नु पर्ने देखियो ।

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner